## मिति २०७८।०४।०६ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

**प्र.मं.प.बै.सं. १५।०७८**

१. प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेशको सदस्य पदमा पोखरा महानगरपालिका वडा नं. ३३, कास्की बस्ने श्री माया तिम्सिनालाई नियुक्ति गर्ने।

२. कोरोना भाईरस रोग (COVID-19) रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७८ स्वीकृत गर्ने।

## मिति २०७८।०४।११ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

**प्र.मं.प.बै.सं. १६।०७८**

१. प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति दिने।

## मिति २०७८।०४।१८ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

प्र.मं.प.बै.सं. १७।०७८

१. प्रदेश विकास समस्या समाधान समितिको सदस्यमा तपसिल बमोजिमका व्यक्तिलाई तोक्नेः

| सि.नं. | नाम थर | स्थानीय तह | पद | जिल्ला |
|---|---|---|---|---|
| १. | दिलीप प्रताप खाँण | वालिङ न.पा. | प्रमुख | स्याङजा |
| २. | माया राना | म्याग्दे गा.पा. | अध्यक्ष | तनहूँ |
| ३. | सुवर्ण कुमार विष्ट | लोमन्थाङ गा.पा. | अध्यक्ष | मुस्ताङ |
| ४. | मान बहादुर जि.सी. | पोखरा महानगरपालिका | प्रमुख | कास्की |
| ५. | जनक राज पौडेल | बाग्लुङ न.पा. | प्रमुख | बाग्लुङ |
| ६. | पार्वता तिवारी | देवचुली न.पा. | उपप्रमुख | नवलपरासी (वर्दघाट सुस्तापूर्व) |
| ७. | प्रेमबहादुर घले | क्व्होलासोंथार गा.पा. | अध्यक्ष | लमजुङ |
| ८ | विष्णुप्रसाद भट्ट | बारपाक सुलिकोट गा.पा. | अध्यक्ष | गोरखा |
| ९. | पूर्णसिंह थापा | बन्दीपुर गा.पा. | अध्यक्ष | तनहूँ |

२. प्रदेश कानून पुनरावलोकन समिति गठन गर्ने।